annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २४९ पृष्ठ १० | काठमाडौं, सोमबार २९ पुस २०८१ | पौष शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४५ | MONDAY, JANUARY 13, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# कृषिमा अनुदान १ खर्ब बढी, जीडीपीमा योगदान घट्दो

कृषिको उत्पादन बढाउन, रोजगारी सिर्जना गर्न, आत्मनिर्भर बनाउन र अरू देशसँग प्रतिस्पर्धी बनाउन भन्दै सरकारले हरेक वर्ष किसानका नाममा करोडौं अनुदान बाँड्छ। विगत ५ वर्षमा १ खर्ब बढी केन्द्र सरकारले मात्रै अनुदान बाँडेको छ। तर, कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा कृषिको योगदान बर्सेनि घट्दो छ। त्यसैले सरकारले बाँडेको रकम वास्तविक किसानसँग नपुग्दा यस्तो अवस्था त आएको होइन ? खोजी गरी दोषीमाथि कारबाही गर्नुपर्छ।

समाचार पृष्ठ २

**ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**




| कार्यक्रम/आयोजना | आ.ब. ०७७/७८ | | आ.ब. ०७८/७९ | | आ.ब. ०७९/८० | | आ.ब. ०८०/८१ | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रु. हजारमा | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रु. हजारमा | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रु. हजारमा | अनुदान प्राप्त कृषक संख्या | अनुदान रकम रु. हजारमा |
| उखु कृषकहरूलाई प्रोत्साहन अनुदान वितरण कार्यक्रम | ५१०४० | ९६९७७३ | ४१०२५ | ७७९४६४ | ५२०९८ | ९९५१३४ | ६१४५७ | १३२८०४९ |
| कृषि बिमा | ४९८५ | ९२५७४ | ७२२२ | १३८९५४ | ७५९० | १४०९४८ | १४५८ | १३२४०४ |
| पशुपन्छी तथा मत्स्य बिमा | १०४१ | १२४२१६३ | २८०३ | १८४६१०३ | २५५१ | ६००००० | ८३१६८ | १४४९८०० |
| रानी जमरा कुलरिया सिँचाइ आयोजना- कृषि कार्यक्रम कार्यान्वयन एकाइ | ४२६ | ६७१६९ | २४२ | २५०८५ | १०२ | ११९५० | ८८ | २१६५५ |
| प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | ४३५६० | १३९०७०० | ३१८९० | १३५९४०० | २९७७५ | १४१२३०० | ३६४४५ | १२१४९३१ |
| कृषि क्षेत्र विकास कार्यक्रम | १५४ | १०७११७ | १८४ | ११५०१२ | ४०० | २९७८५८ | ३६८ | २८१९७३ |
| नेपाल लाइभस्टक इनोभेसन आयोजना | ० | ०.०० | १३६ | ४२३५७४ | १८१ | १२६३८७४ | १२९ | २४००६४ |
| खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ७५१३ | १५३०८५ | १०२९८ | २६२३२५ | १३०३७ | ३३९४१९.१९ | १५३७८ | २९८९४८ |
| अनुदानित रासायनिक मल वितरण (कृषि सामग्री क.लितर्फ) | ३०१०००० | ६६८८१८५ | २१६७००० | ८१११२८९ | २८८२००० | १९१४९९०० | ३३९१००० | १५७३८९४८ |
| अनुदानित रासायनिक मल वितरण (साल्ट ट्रेडिङ क.लितर्फ) | १९५५००० | २६१९८९६ | १५२६००० | ६२८५४६३ | १९४७००० | ११८१७६४९ | २१५०००० | ८६३३४२२ |

## अमेरिकाको डढेलो ११ प्रतिशत मात्रै नियन्त्रणमा



**काठमाडौं** (एजेन्सी): अमेरिकाको क्यालिफोर्निया राज्यको लस एन्जलस सहरमा भएको डढेलो अझै नियन्त्रणमा आउन सकेको छैन। तर, हुरीमाझ आगो निभाउने सरकारी प्रयास जारी छ। मृतकको संख्या कम्तीमा १६ पुगेको छ । डढेलो निभाउने प्रयास छैटौं दिन पनि जारी रहेको छ। करिब एक दर्जन बेपत्ता भएको विदेशी सञ्चार संस्था सिएनएनले जनाएको छ।

सबैभन्दा ठूला दुई आगलागी इटन र प्यालिसेड्स अझै पनि नियन्त्रण बाहिरै छन्। हजारौं अग्नि नियन्त्रलाई सिंगो अमेरिकन सरकारले आगो नियन्त्रणका लागि खटाएको छ। तर, पनि आइतबार बिहानसम्म झन्डै २३ हजार एकडमा विस्तार भएको प्यालिसेड्स डढेलो ११ प्रतिशत मात्र नियन्त्रणमा आएको भनिएको छ। डढेलोका कारण धुवाँ फैलिएपछि लस एन्जलसका बासिन्दालाई घरभित्रै बस्न भनिएको छ। २४ घण्टा नै क्यालिफोर्निया सरकारले विमानबाट पानी र आगो निभाउने सामग्री खसाएर जनधनको रक्षा गर्ने प्रयास गरिरहेको छ।

आगो जतिनै रोक्न खोजिए पनि एक हजार एकडमा विस्तार भएको र ब्रेन्टउड क्षेत्रतर्फ अघि बढिरहेको छ। यद्यपि, डढेलोलाई रोक्न अग्नि नियन्त्रक २४ घण्टा नै खटिएका छन्। शनिबार राति हावाको बेग कम हुँदा अब आगो निभाउन सकिने भनिएको थियो। पुन: हावाले आफ्नो स्वरूप परिवर्तन गरेको थियो।

डढेलो मेनडभील क्यानयनमा फैलिएको छ। सो क्षेत्र पनि बलिउडका सेलिब्रेटीहरूनै बस्ने ठाउँ हो। उक्त क्षेत्रलाई खाली गराउन आदेश दिइएको छ। अग्नि नियन्त्रकहरूले दुई साना डढेलो केनेथ र हर्स्टलाई भने नियन्त्रणमा लिएको भनिएको छ। साना डढेलोभन्दा पनि ठूलो डढेलो नियन्त्रण बाहिर भएकाले निभाउन समस्या भएको छ। अहिलेसम्म लस एन्जलसमा एक लाखभन्दा बढीको उद्धार भएको सञ्चारमाध्यमहरूले लेखेका छन्।

## उपचार खर्चको अभावमा छटपटाउँदै स्याल आक्रमणका घाइते



**राष्ट्रिय ट्रमा सेन्टरमा उपचाररत लिलमदेवी साह (बायाँ) र मतिदेवी महतो।** ● राजकरण महतो

**राजकरण महतो** | *काठमाडौं*

सधैं झै मतिदेवी महतो बाख्रा चराउँदै थिइन्। गौशाला–११ लक्ष्मिनियाँकी ८५ वर्षीया महतोलाई एक्कासि स्यालले आक्रमण गर्‍यो। उनका मुखका विभिन्न भागमा स्यालले कोतरिदियो। चिकित्सकहरूले मतिदेवीको छाला प्रत्यारोपण गर्नुपर्ने सुझाव दिएका छन्। तर, त्यसका लागि उनीसँग पैसा छैन। ९ दिनदेखि राष्ट्रिय ट्रमा सेन्टरमा छटपटाइरहेकी छिन्। मतिदेवीको आर्थिक अवस्था नाजुक छ।

'जहाँ गहिरो, त्यही पहिरो' भने झैं मतिदेवीको जीवनमा पीडामाथि पीडा थपिएका छन्। ८ वर्षअघि छोरा उतिमलाल वैदेशिक रोजगारीका लागि खाडी गए। छोरा विदेश गएपछि 'टन्न कमाएर ल्याउला र बुढेसकालमा' सुख पाइएला भन्ने मतिदेवीको सपना थियो। तर, विदेशबाट कमाई आएन, उल्टै छोराको शव बन्द बाकसमा आयो। त्यसपछि त मतिदेवी र बुहारी कवितालाई हातमुख जोर्ने समस्या भयो। खर्च टार्न खसी, बाख्रा पाल्न थालिन्। तर, बहुलाएको स्यालले टोकेर घाइते बनाएपछि मतिदेवीको जीवनमा थप संकट आइलागेको छ।

अस्पतालमा मतिदेवीलाई बुहारी कविताले स्याहार गरिरहेकी छिन् । तर, कवितालाई सासुको उपचार गर्न खर्च जुटाउन धौ-धौ छ। 'स्यालले टोक्दा सासुको अनुहारमा घाउै घाउ छन्,' कविताले भनिन्, 'छाला प्रत्यारोपण गर्न दुइटा अप्रेसन गर्नुपर्छ भनेर डाक्टरले भन्नुभएको छ। तर, हामीसँग पैसा छैन।'

नाति श्रवन महतोका अनुसार मतिदेवीको एउटा अप्रेसन भएको छ। 'अर्को अप्रेसन छिट्टै गर्नुपर्ने छ। ऋण लिएको र गाउँबाट सहयोगमा मागेर ल्याएको २५ हजार गरी ६५ हजार खर्च भइसक्यो', श्रवनले भने, 'उपचारमा अझै ५० हजार बढी खर्च लाग्छ। खल्तीमा सुको छैन। अब अर्को अप्रेशनका लागि लाग्ने खर्च कसरी जुटाउने ?'

हुन त, पीडित परिवारले उपचार खर्चका लागि जिल्ला वन कार्यालयमा गुहार मागेका थिए। वडा कार्यालयमार्फत गौशाला नगरपालिकाको कार्यालयमा निवेदन पनि दिए। तर, उपचार खर्चको कहीं कतैबाट प्रबन्ध नभएको श्रवनले गुनासो पोखे।

राष्ट्रिय ट्रामा सेन्टरको वर्न प्लास्टिक वार्ड नम्बर–६२६ मा भर्ना भएकी मति देवीलाई 'छिट्टै निको हुन मन छ।' गाउँका गोठमा बाँधिएका ब्राखा–पाठा भोकै होलान् भन्ने चिन्ता छ। स्याल आक्रमणबाट गम्भीर घाइते ५० वर्षीया मनमाया पोखरेलको अवस्था पनि उस्तै छ । उनलाई पनि उपचार खर्च जुटाउनै धौ-धौ छ। बाख्रा चराउन गएकी उनी पनि स्यालकै आक्रमणमा परेर गम्भीर घाइते भएकी थिइन्।

अनुहारको घाउ मेटाउन उनलाई पनि दुइटा अप्रेसन गर्नुपर्ने राष्ट्रिय ट्रमा सेन्टरका चिकित्सकले सुझाव दिएका छन्। मनमायाको पहिलो चरणको अप्रेसन भएको छ। दोस्रो चरणको अप्रेसन गर्न आर्थिक अभाव भइरहेको छ। उपचारका लागि खोरका बाख्रा–खसी बिक्री गरिसकिन्। तै पनि पुगेन। थप उपचारका लागि कहाँबाट खर्च जुटाउने, उनको चिन्ता छ। 'हामी बाख्रा चराउन फूलबारी गएका थियौं। स्याल सधैं देख्ने गरेका थियौं। तर, पुस ९ गते उखुबारीबाट फूलबारीतिर आएको स्यालले आक्रमण गर्‍यो', पोखरेलले भनिन्, 'पहिले चरिरहेको बाख्रालाई झम्ट्यो। गुहार माग्दै हल्ला गरेपछि स्यालले हामीमाथि पनि आक्रमण गर्‍यो ।' दुई समूहमा नजिकै बाख्रा चराइरहेका गोठालामाथि स्यालले आक्रमण गर्दा ६ जना घाइते भएको उनले सुनाइन्। स्याल आक्रमणबाट घाइते ५५ वर्षीया लिलम देवी साहले ऋण काढेर अप्रेसन गराइन्। दुइटा अप्रेसन गर्दा उनलाई १ लाख २० हजार ऋण लाग्यो। ट्रमा सेन्टरको शय्याबाट उनले भनिन्, 'गाउँघरबाट सरपाट्टि र ऋण गरेर उपचार त गरे। अब त्यो ऋण कसरी तिर्ने चिन्ताले सताउन थाल्यो।' गोठामा भएको ब्राखा–खसी बेचेर पनि ऋण चुक्ता गर्ने अवस्था नभएको उनले बताइन्। स्यालको आक्रमणबाट १९ दिनअघि महोत्तरीको गौशाला नगरपालिका–११ लक्ष्मिनियाँका ७ जना सख्त घाइते भए।

» बाँकी पृष्ठ ६




## फूलबारी–बंगलाबन्ध जाने नेपाली गाडीको भारवहन सीमा हट्ने

**सुनिता कार्की** | *काठमाडौं*

नेपाल-भारत वाणिज्य सचिवस्तरीय अन्तरसरकारी समितिको बैठकले काँकडभिट्टा फूलबारी-बंगलाबन्ध हुँदै आवतजावत गर्ने नेपाली मालवाहक सवारी साधनमा लगाइएको भार बहनको सीमा हटाउने सहमति गरेको छ। राजधानीमा शनिबार सम्पन्न दुई दिने बैठकले यस्तो सहमति गरेको उद्योग मन्त्रालयका प्रवक्ता बाबुराम अधिकारीले जानकारी दिए।

सहमतिअनुसार नेपाली मालबाहक गाडीले पनि भारतीय गाडी सरह उक्त सीमा क्षेत्रमा आवतजावत गर्न पाउने छन्। सचिवस्तरीय समिति बैठकको काम छलफल गर्ने र आवश्यक निर्देशन दिने भएको मन्त्रालयका प्रवक्ता अधिकारीले बताए। यो सहमतिका आधारमा पत्राचार भएपछि मात्र सम्बन्धित निकायले कार्यान्वनयन गर्ने प्रक्रिया सुरु हुने बताए।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सार्वजनिक गरेको १५ बुँदे सहमतिमा नेपाल-भारतबीचको पारवहन सन्धि संशोधन गरी विराटनगर तथा भैरहवाबाट रेलमार्फत सबै किसिमका कार्गो ढुवानी गर्न पाउने व्यवस्थाका लागि नेपालले पठाएको लेटर अफ एक्सचेन्ज चाँडो टुंग्याउने विषयमा सहमति भएको छ।

दुई देशका सचिवस्तरीय अन्तर सरकारी समितिको बैठकमा पारवहन सन्धिको नवीकरण तथा रेल सेवा सम्झौताको संशोधनका विषयमा पनि छलफल भएको थियो।

यस्तै, नेपालले वाणिज्य सन्धि पुनरावलोकन गर्न पनि आग्रह गरेको थियो। नेपाली वस्तु निर्यातमा भारतले लगाउँदै आएको परिणामात्मक बन्देज हटाउन नेपालले आग्रह गरेको थियो। उक्त सन्धिअनुसार, सन् २००२ देखि वनस्पति घिउ, तामाका वस्तु, जिंक अक्साइड र एक्रेलिक यार्नमा भारतले परिणात्मक बन्देज लगाउँदै आएको छ। वनस्पति घिउ १ लाख टन, यार्न १० हजार टन, तामाका भाँडा १० हजार टन र जिंक अक्साइड २ हजार ५ सय टनसम्म मात्रै नेपालले भारत निर्यात गर्न सक्ने उल्लेख छ।

नेपाल भारतबीचको वाणिज्य सन्धि पुनरावलोकनका विषयमा चौथो चरणको वार्ता छिट्टै गर्ने, पारवहन सन्धिलाई कार्यान्वयनमा ल्याउन नेपालद्वारा प्रेषित लेटर अफ एक्चेन्जलाई छिट्टै निष्कर्षमा पुर्‍याउने निर्णय भएको मन्त्रालयका प्रवक्ता अधिकारीले बताए।

यस्तै, सचिवस्तरीय बैठकमा भारतमा निकासी गर्ने जुत्ता, प्लाइउड, यार्न, सेनेटरी प्याड, सिमेन्ट, जस्तापाता र स्टिलजन्य वस्तुहरूमा बीआईएस (ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड) प्रमाणपत्र अनिवार्य गरेको विषयमा पनि छलफल भएको थियो। बीआइएस प्रमाणपत्र दिन वा नवीकरण गर्न भारतीय पक्षबाट हुने ढिलाइ हटाउन नेपालले आग्रह गरेको थियो।

### नेपाल-भारत वाणिज्य सचिवस्तरीय समिति बैठक

भारतमा निकासी हुने यी नेपाली वस्तुहरूको सहज निकासीका लागि प्राथमिकताका आधारमा बीआईएस प्रमाणपत्र जारी गर्ने र नवीकरण गर्ने प्रक्रियालाई तीव्रता दिन भारतीय पक्ष सहमत भएको छ।

पहिलो दिनको बैठकमा नेपालमा उत्पादन नहुने पशुजन्य खाद्य पदार्थको भारतबाट हुने आयातलाई सहजीकरण गर्ने सहमति भएको थियो। नेपालको गुणस्तर तथा नापतौल विभाग र भारतको ब्युरो या इन्डियन स्ट्यान्डर्डस् तथा नेपालको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र भारतको समकक्षी निकायसँग पारस्परिक सहयोग अभिवृद्धि गरी वस्तुको गुणस्तर निर्धारण तथा परीक्षण, प्रमाणीकरण र पारस्पारिक मान्यताको प्रक्रियालाई अगाडि बढाउने, औषधिको आयात निर्यातलाई व्यवस्थित गर्ने, भन्सार प्रक्रियालाई सहजीकरण गर्ने, दुवै पक्षका विषयगत संयन्त्रयहरूमार्फत सम्बन्धित विषयहरू समयमै टुंग्याउँदै जाने लगायतका विषयमा सहमति भएको थियो।

बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव गोविन्दबहादुर कार्की र भारतीय प्रतिनिधिमण्डलको नेतृत्व वाणिज्य तथा उद्योग मन्त्रालयका सचिव सुनील बर्थवालले गरेका थिए। बैठकमा दुवै देशका वाणिज्य, कृषि तथा खाद्य प्रविधि, गुणस्तर नियन्त्रण, क्वारेन्टाइन, भन्सार, औषधि व्यवस्था, सडक पूर्वाधार र रेल, ल्यान्ड पोर्टलगायतका सरकारी निकायका प्रतिनिधिहरू सहभागी थिए।